"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर , संखुवासभा

पत्र. सं. २०८२।०८३

चलानी नं. ६८३

स्थाः-२०७३

कोशि प्रदेश, नेपाल

मितिः-२०८२।०८।१५

विषयः सूचना टाँस गरि जानकारी पठाइ दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
खाँदवारी, सङ्खुवासभा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
खाँदबारी, सङ्खुवासभा ।
श्री ईलाका प्रशासन कार्यालय,
चैनपुर, सङ्खुवासभा ।
श्री मालपोत कार्यालय
चैनपुर, सङ्खुवासभा ।

चैनपुर नगरपालिका सङ्खुवासभाको नाममा रहेको BACK HOE LOADER बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले सोको सार्वजनिक सूचना (सूचना नं.-०२।०८२।०८३) यसै साथ संलग्न गरी पठाइएको छ । उक्त सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरि सो को जानकारी पठाई दिनु हुन अनुरोध गरिन्छ ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र. सं. २०८२।०८३ चैनपुर , संखुवासभा
चलानी नं. स्थाः-२०७३ कोशि प्रदेश, नेपाल

## सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नः-०२।०८२।०८३

सूचना प्रकाशित मितिः२०८२।०८।१५

यस चैनपुर नगरपालिका सङ्खुवासभाको नाममा दर्ता रहेको बा १ ग २९९२ को सरकारी BACK HOE LOADER जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायको सर्तहरूको अधिनमा रहि १५ दिन (पन्ध्र दिन) भित्र बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

(१) इच्छुक बोलपत्रदाताहरूले चैनपुर नगरपालिकाको कार्यालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्ने तथा खरिद गर्न सक्नेछ ।

(२) इच्छुक बोलपत्रदाताले २०८२।०८।२९ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू.१०००।(एक हजार मात्र) राजश्व शाखामा नगदै बुझाई सक्कल राजश्व दाखिला भौचर सहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र फारम खरिदका लागि निवेदन पेश गर्नुपर्नेछ ।

(३) कायम भएको मूल्य भ्याट बाहेक न्यूनतम रू ५,५७,००३।५७।- (अक्षरेपी रू पाँच लाख सन्ताउन्न हजार तिन रुपैया सन्ताउन्न पैषा मात्र) ।

(४) बोलपत्रदाताले जमानत बापत आफुले कबोल गरेको अंकको १० प्रतिशत हुन आउने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा रहेको धरौटी खाता च हि न २०३०१००३०३०००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (विड वण्ड) संलग्न राखी पेश गर्नुपर्ने छ ।

(५) बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।

(६) कार्यालयमा दर्ता भएका बोलपत्रहरू १६ औ दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्न वाधा पर्ने छैन ।

(७) लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

(८) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।